नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

पत्र संख्या : ०८०/०८१

चलानी नं. : 268

मितिः २०८१/०२/२१

श्री महानगरपालिका /नगरपालिका (सबै)
श्री गाउँपालिका, (सबै) ।

विषयः स्थानीय विपद् सहायता कक्ष स्थापना तथा सञ्चालन सम्बन्धमा।

गृह मन्त्रालयको प.स. ०८०/८१ च.नं १६७ मिति २०८१/२/२० पत्रको छायाँ प्रति यसै साथ संलग्न छ। सोही पत्रबाट व्यहोरा गर्नु भई सो अनुसार गर्नु गराउन हुन आदेशानुसार अनुरोध छ साथै स्थानीय विपद् सहायता कक्ष स्थापना गरि गृह मन्त्रालय तथा यस मन्त्रालयलाई समेत जानकारी गराउनुहुन अनुरोध छ ।

(सन्तोष कुमार खत्री)
शाखा अधिकृत

बोधार्थः
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

सिंहदरबार, काठमाण्डौं (+९७७)-(१) ४२००४८२
email: cdms.mofaga@gmail.com, env.disaster.mgmt.section@mofaga.gov.np, website: http://www.mofaga.gov.np

नेपाल सरकार

योजना त.वि.स.स.म.

गृह मन्त्रालय

(विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०८०/०८१

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- १९६

मितिः २०८१।०२।२०

विषयः जिल्ला विपद् सहायता कक्ष स्थापना गरी कार्य सञ्चालन गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
७७ वटै ।

दर्ता नं.:- ४८३४

दर्ता मितिः- २०८१।०२।२०

मनसुनजन्य लगायतका विपद्को समयमा उद्धार (Rescue) र राहत (Relief) का कार्यलाई प्रभावकारी रुपमा व्यवस्थित गर्न सबै जिल्लामा स.प्र.जि.अ.को संयोजनमा जिल्ला विपद् सहायता कक्ष (District Disaster Help Desk- DDHD) र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको संयोजनमा स्थानीय विपद् सहायता कक्ष (Local Disaster Help Desk- LDHD) स्थापना गरी सञ्चालन गर्ने र सहायता कक्षहरुको संरचना तथा कार्यदिश देहाय बमोजिम निर्धारण भएकोले जिल्ला विपद् सहायता कक्ष स्थापना गरी सञ्चालन गर्नु हुन र स्थानीय विपद् सहायता कक्षहरु स्थापना र सञ्चालनका लागि जिल्लास्थित स्थानीय तहहरुसँग आवश्यक समन्वय गर्नु हुन मिति २०८१।०२।१७ को (मा. उपप्रधामन्त्री एवं गृह मन्त्रीस्तर) निर्णयानुसार अनुरोध गर्दछु ।

विपद् सहायता कक्षहरुको संरचना र कार्यदिश

जिल्ला विपद् सहायता कक्ष (District Disaster Help Desk, DDHD) को संरचना	कार्यदिश
सहायक प्रमुख जिल्ला अधिकारी- संयोजक जिल्लास्थित सुरक्षा निकायका प्रतिनिधिहरु-सदस्य नेपाल रेडक्रस सोसाइटीका जिल्ला प्रतिनिधि-सदस्य जिल्ला उद्योग वाणिज्य संघका प्रतिनिधि- सदस्य पत्रकार महासंघका जिल्ला प्रतिनिधि- सदस्य नागरिक समाजका जिल्ला प्रतिनिधि- सदस्य जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रका प्रतिनिधि-सदस्य सचिव योजना तथा विकास सहायता समन्वय महाशाखा दर्ता नं.: ४०५६ मितिः २०८१।२।२०	- विपद्को समयमा प्रतिकार्यका लागि प्राथमिकतामा राख्नु पर्ने महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, दीर्घरोगी, बालबालिका लगायत जोखिमयुक्त समूह पहिचान तथा जोखिम आँकलन गर्ने/गराउने । - विपद्को समयमा किशोर-किशोरी, सुत्केरी र गर्भवती महिलाको स्वास्थ्य र सामाजिक संरक्षणमा ध्यान दिनुका साथै लैङ्गिक हिंसा विरुद्ध संकटासन्न समूहका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने/गराउने । स्वास्थ्य सेवालाई प्रभावकारी रुपले सञ्चालनका लागि सहयोग गर्ने। - विपद्का घटना तथा क्षतिको विवरण संकलन, विश्लेषण र सूचना प्रवाह गर्दा लैङ्गिक तथा समावेशी दृष्टिकोणले खण्डीकृत बनाउने। - खोज, उद्धार गर्दा पहिचान गरिएका जोखिमयुक्त समूहलाई प्राथमिकता राख्ने व्यवस्था गर्ने/गराउने। - मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श प्रदान गर्ने। - राहत वितरणमा एकद्वार प्रणाली अबलम्बन गरी पहिचान भएका जोखिमयुक्त समूहलाई प्राथमिकतामा राख्ने व्यवस्था गर्ने/गराउने । - जिल्लास्थित विकास साझेदार तथा गैरसरकारी संघ/संस्थासँग प्रभावकारी समन्वय गर्ने। - सहायता कक्षमा मोबाइल नम्बर सहितको सम्पर्क व्यक्ति तोकी सार्वजनिक गर्ने ।

नेपाल सरकार

गृह मन्त्रालय

(विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा)

पत्र संख्याः- ०८०/०८९
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १९६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

स्थानीय विपद् सहायता कक्ष (Local Disaster Help Desk, LDHD)	कार्यदिश
स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत- संयोजक स्थानीय आपतकालीन नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि- सदस्य नागरिक समाजका स्थानीय प्रतिनिधि- सदस्य स्थानीय विपद् फोकल पर्सन/स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रका प्रतिनिधि- सदस्य सदस्य सचिव	- विपद्को समयमा प्रतिकार्यका लागि प्राथमिकतामा राख्नुपर्ने महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएक व्यक्ति, अशक्त, दीर्घरोगी, बालबालिका लगायत जोखिमयुक्त समूह पहिचान तथा जोखिम आँकलन गर्ने/ गराउने । - विपद्को समयमा हुन सक्ने स्वास्थ्य जोखिम तथा लैङ्गिक हिंसा विरुद्ध किशोर-किशोरी, सुत्केरी र गर्भवती महिला तथा संकटासन्न समूहका लागि चेतनामूलक कार्यक्रम सञ्चालनका साथै सामाजिक संरक्षण प्रदान गर्ने । स्वास्थ्य सेवालाई प्रभावकारी रुपले सञ्चालनका लागि सहयोग गर्ने। - विपद्का घटना तथा क्षतिको विवरण संकलन, विश्लेषण र सूचना प्रवाह गर्दा लैङ्गिक तथा समावेशी दृष्टिकोणले खण्डीकृत बनाउने। - खोज, उद्धार गर्दा पहिचान गरिएका जोखिमयुक्त समूहलाई प्राथमिकता राख्ने व्यवस्था गर्ने/गराउने। - मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श प्रदान गर्ने। - राहत वितरणमा एकद्वार प्रणाली अबलम्बन गरी पहिचान भएका जोखिमयुक्त समूहलाई प्राथमिकतामा राख्ने व्यवस्था गर्ने/गराउने । - स्थानीय विकास साझेदार तथा गैरसरकारी संघ/संस्थासँग प्रभावकारी समन्वय गर्ने। - सहायता कक्षमा मोबाइल नम्बर सहितको सम्पर्क व्यक्ति तोकी सार्वजनिक गर्ने ।

२०८१।०२।२९

मान बहादुर बुढा
शाखा अधिकृत

बोधार्थ एवं कार्यार्थ:

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,: सिंहदरबार ।

७५३ वटै स्थानीय तहमा स्थानीय विपद् सहायता कक्ष स्थापना गरी सञ्चालन गर्ने सम्बन्धमा समन्वय एवं पत्राचार गरिदिनु हुन।